आज मिति २०८२ जेठ २५ गते आईतवार दिनको १:४५ बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८१/८२ को चौधौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

क्र.स	पद	नाम थर	हस्ताक्षर	कै.
१	प्रमुख	श्री प्रकाश अधिकारी		
२	उपप्रमुख	श्री मुरारी तामाङ		
३	सचिव / प्रमुख प्रशासकीय अधिकृत	श्री शेर बहादुर बि.सी.		
४	वडा अध्यक्ष	श्री रमेश कुमार लामिछाने		
५	वडा अध्यक्ष	श्री धर्मेन्द्र श्रेष्ठ (२)		
६	वडा अध्यक्ष	श्री रमेश डंगोल		
७	वडा अध्यक्ष	श्री धर्मेन्द्र श्रेष्ठ (४)		
८	वडा अध्यक्ष	श्री मदन गुरुङ		
९	वडा अध्यक्ष	श्री शान्ता खनाल पौडेल		
१०	वडा अध्यक्ष	श्री नरोत्तम राना		
११	वडा अध्यक्ष	श्री रमेश खत्री		
१२	वडा अध्यक्ष	श्री रामभक्त घिमिरे		
१३	वडा अध्यक्ष	श्री मचाकाजी महर्जन		
१४	वडा अध्यक्ष	श्री घनश्याम खड्का		
१५	न.का.स	श्री सुनिता श्रेष्ठ परियार नेपाली		
१६	न.का.स	श्री सायरा परियार		
१७	न.का.स	श्री जगतमाया प्रजापती महर्जन		
१८	न.का.स	श्री लिलादेवी अधिकारी		
१९	न.का.स	श्री शान्ता राई		
२०	न.का.स	श्री प्रेम कुमार सुनुवार		
२१	न.का.स	श्री सरिता घले		
२२	न.का.स/प्रवक्ता	श्री वच्चुराज वस्याल		

CamScanner

क्र.सं.	प्रस्ताव	निर्णयको व्यहोरा
१	अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा	अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो ।
२	अनुगमन समितिबाट पेश भएका अनुगमन प्रतिवेदन उपर छलफल सम्बन्धमा	चालु आर्थिक बर्ष २०८१/८२ को नगरस्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई सम्बन्धित समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु उपर छलफल गरियो ।उक्त प्रतिवेदनहरु अनुमोदन गरी आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने ।
३	बेरुजु फर्छ्यौट सम्बन्धमा	महालेखा परीक्षकको कार्यालयबाट यस कार्यालयको गत आ.ब. २०८०/८१ को लेखा परीक्षण सम्पन्न गरी प्राप्त अन्तिम प्रतिवेदन उपर छलफल गरियो । सोमा उल्लेखित बेरुजु सहित हाल सम्मको सम्पूर्ण वक्यौता बेरुजु फर्छ्यौट सम्बन्धी आवश्यक कार्य गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने ।
४	नगरसभाको १७ औं अधिवेशन आव्हान सम्बन्धमा	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ र बागमती प्रदेशसभाबाट जारी भएको गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ बमोजिम टोखा नगरपालिका नगरसभाको १७ औं अधिवेशन बैठक मिति २०८२ असार ५ गते विहीबारका दिन दिनको १:०० बजे नगरपालिकाको सभाहलमा बस्ने गरी आव्हान गर्ने ।
५	क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम पालिका स्तरीय योजना, २०८२ अनुमोदनको लागि सिफारिस	नेपाल सरकारबाट स्वीकृत क्षयरोग मुक्त नेपाल अभियान, कार्यक्रम कार्यान्वयन मार्गदर्शनको व्यवस्था अनुसार तयार भएको यसै साथ संलग्न क्षयरोग मुक्त नेपाल अभियान कार्यक्रम पालिका स्तरीय योजना, २०८२ अनुमोदनको लागि आगामी नगरसभामा सिफारिस गर्ने ।
६	टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण	

सि.नं.	निर्माण व्यावसायीको नाम	व्यावसाय रहने वडा नं.	कै.
१.	अफसाना एण्ड लुम्बिनी कन्स्ट्रक्सन प्रा.लि.	टोखा-८	
२.	सुलिन प्रोपर्टी प्रा.लि.	टोखा-८	
३.	सिद्धदेवी थाक्थाक्कुमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	टोखा-११	
४	गेट इन्जिनियरिङ्ग ट्रुप प्रा.लि.	टोखा-४	
५	लाइफ कन्स्ट्रक्सन एण्ड सप्लायर्स निर्माण सेवा	टोखा-११	
६	मनी निर्माण सेवा	टोखा-४	

CamScanner

क्र.सं.	प्रस्ताव	निर्णयको व्यहोरा				
	व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।	७	बि.जे. कन्स्ट्रक्सन एण्ड सप्लायर्स निर्माण सेवा	टोखा-८		
		८	आदियोगी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	टोखा-८		
		९	आर.टि.एस इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.	टोखा-८		
७	विविध	१. टोखा नगरपालिका वडा नं. १ स्थित नाईजेल उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने । २. टोखा नगरपालिका वडा नं. १ स्थित बुद्धपार्क जाने मोटरबाटो निर्माण उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ३. टोखा नगरपालिकाको आ.ब २०८०/८१ मा स्वास्थ्य तर्फ भएका कार्यक्रमहरुको मानव विकास तथा जागरण मञ्चद्धारा पेश भएको नगर प्रोफाईल (स्वास्थ्य) स्वीकृत गर्ने ४. गणतन्त्र र महिलाः संबैधानिक व्यवस्था, हालको अवस्था र गणतन्त्रको रक्षा बिषयक प्रशिक्षण कार्यक्रम संचालनको लागि १५ औं नगरसभाको सि.नं. १९४ मा विनियोजित रकम मध्येबाट रु १ लाख विनियोजिन गरी समग्र विकास अभियान नामक संस्था मार्फत उक्त कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाउने । ५. सिर्जनशिल घरेलु उद्योग, टोखा- ३ लाई उद्यमशिलता प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत अधिकतम् रु ६० हजार सम्मको वार्किङ्ग मेसिन खरिद गरी हस्तान्तरण गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने । ६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२-२-२५, च.नं. ५०८ को पत्रानुसार मिति २०८२ असार ९ गते देखि ११ गते (तदनुसार २३-२५ जुन,२०२५) सम्म चीनको ल्हासामा हुन गईरहेको Sister Cityes Co-operation and Exchange Meeting नामक कार्यक्रममा सहभागिताको लागि यस नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी र प्रमुख प्रशासकीय अधिकृत श्री शेर बहादुर बागचन्द (बि.सी) को चीनको ल्हासा भ्रमण मनोनयन स्वीकृत भएको व्यहोरा जानकारी भयो । ७. टोखा नगरपालिका वडा नं. १ का विद्यालयहरुमा कक्षा १ देखि ३ सम्म शैक्षिक सत्र २०८२ देखि स्थानीय मातृभाषा तामाङ्ग भाषाको पाठ्यपुस्तक लागू गर्ने । सोको पाठ्यक्रम तयार गर्न तपशिल बमोजिम पाठ्यक्रम तथा पाठ्यपुस्तक तयारी समिति गठन गर्ने । संयोजक- नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख सदस्यः- राजु लामा तामाङ, याम्बु घेदुङ अध्यक्ष सदस्यः- सुर्यमान तामाङ, याम्बु घेदुङ्ग तथा संघीय घेदुङ इन्चार्ज तथा संघीय सदस्य सदस्यः- हिरालाल दोङ तामाङ, संघीय घेदुङ भाषा तथा लिपी बिभाग संयोजक तथा संघीय सदस्य सदस्यः- प्रतिक डेसुर तामाङ, राष्ट्रिय प्रशिक्षक तथा लेखक तामाङ भाषा पाठ्यपुस्तक सदस्यः- दिल बहादुर तामाङ, बिद्यालय व्यवस्थापन समिति अध्यक्ष				

CamScanner

क्र.सं.	प्रस्ताव	निर्णयको व्यहोरा
		सदस्यः- कृष्ण बहादुर तामाङ, प्रदेश घेदुङ सदस्य सदस्यः- सुर्य बहादुर तामाङ, टोखा तामाङ गर घेदुङ संयोजक सदस्यः- राज कुमार तामाङ, टोखा तामाङ भाषा पाठ्यपुस्तक नागरिक संयोजक सदस्य सचिवः- शिक्षा अधिकृत,(आधारभुत तह) शिक्षा युवा तथा खेलकूद शाखा ८. नगरकार्यपालिकाको मिति २०८२-१-८ को निर्णय नं. ८ अन्तर्गत जालुपा मा.वि.मा ट्रस निर्माण गर्ने कार्यको लागि रु. ५ लाख विनियोजन भएकोमा उक्त निर्माण कार्य ट्रसको सट्टा कोठा निर्माण सम्बन्धी विभिन्न कार्य गर्ने गरी संशोधन गर्ने । ९. वडा नं. ९ स्थित बिष्णुमति करिडोर अन्तर्गत पार्क निर्माणको कार्य भई रहेकोले सो क्षेत्रमा रहेको खानेपानीको अस्थायी कार्यालय र अपरेटर बस्ने स्थान हटाउनु पर्ने भएकोले सोको व्यवस्थापनको लागि वडा नं. ९ को वडा कार्यालय भवनको दक्षिण तर्फ रहेको खानेपानीको भवनको पहिलो तलामा ट्रस निर्माण गर्ने कार्यको लागि आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट रु. ५ लाखको स्रोत सुनिश्चित गर्ने गरी उक्त कार्य अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने। १०.टोखा नगरपालिका वडा नं. ४ स्थित कृष्ण मन्दिर देखि जनकल्याण चोक, भगवती मन्दिर ओरालो बाटो स्तरोन्नती, धापासी मा.वि. को कम्पाण्ड वाल र सडक पूर्वाधार निर्माण (दिपक खत्रीको घर देखि धापासी मा.वि.को नयाँ भवन सम्म) जाने सडक साँघुरो भई सवारीसाधन तथा पैदलयात्रु आवतजावतमा समस्या उत्पन्न भएकोले सम्वन्धित स्थानीयवासीसंग साविकमा कायम रहेको सडकको दायाँवायाँ रहेका संरचना नगरपालिकाको खर्चमा भत्काई दायाँबायाँ सडक विस्तार गरी साविकका संरचनाहरु (वाल कम्पाउण्ड, विद्युत पोल सार्ने, लगायतका विस्तारित सडकक्षेत्र भित्र पर्ने संरचना) पुननिर्माण गर्ने सहमति भई सोको आधारमा उल्लेखित कार्यको लागि नगरसभाको १५/१६ औं अधिवेशनबाट सि.नं. ६२१ मा कृष्ण मन्दिर देखि जनकल्याण चोक सम्मको बाटो विस्तार सहित स्तरोन्नती, ६२२ मा भगवती मन्दिर ओरालो बाटो स्तरोन्नती र धापासी मा.वि. को कम्पाण्ड वाल र सडक पूर्वाधार निर्माण(दिपक खत्रीको घर देखि धापासी मा.वि.को नयाँ भवन सम्म) शिर्षकको आयोजना स्वीकृत भई रकम समेत विनियोजन भई स्वीकृत आयोजना कार्यान्वयनको लागि सम्बन्धी वडा कार्यालयको सिफारिसको आधारमा विभिन्न उपभोक्ता समिति/लाभग्राही समूह मार्फत सम्झौता भई सकेकोले स्थानीय बासीसँगको सहमति अनुसार विस्तार हुने सडक क्षेत्र भित्र पर्ने संरचना भत्काई सडक विस्तार गरी सडक विस्तारको क्रममा क्षति हुन गएका संरचना (वाल कम्पाउण्ड,विद्युत पोल सार्ने लगायत) पुनः निर्माण गर्ने गरी नगरसभाबाट स्वीकृत आयोजना सम्वन्धित वडा कार्यालयबाट सिफारिस भएको लाभग्राही समूह मार्फत कार्यान्वयन प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनबाट भएको सम्झौता एवं कायदिश सम्मको प्रकृयाको स्वामित्व ग्रहण गर्दै सम्झौता बमोजिमको कार्य प्रकृया अगाडि बढाउन निर्देशन दिने । ११.जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०८१-१०-२२, च.नं. ३०३४(क) को पत्रानुसार सुरक्षा सर्तकता र भिड व्यवस्थापनको लागि सो कार्यालयको कार्यालय

CamScanner

क्र.सं.	प्रस्ताव	निर्णयको व्यहोरा
		परिसरभित्र बिभिन्न स्थानमा सिसिक्यामेरा जडान गर्ने कार्यको लागि मेशिनरी औजार शिर्षकमा विनियोजित रकम मध्येबाट रु . ४ लाख ७५ हजार विनियोजन गरी सिसिक्यामेरा जडान कार्य अगाडि बढाई जडान भएको सिसिक्यामेरा लगायतका सामाग्री सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने । १२.वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८२ जेठ १६ को बैठकबाट मिति २०८२/२/२२ तदनुसार जुन ५, २०२५ मा विभिन्न सरसफाई कर्मी व्यक्ति,संस्थालाई सम्मान, पुरस्कार, अन्तर विद्यालय प्रदर्शनी, प्रतियोगिता संचालन र पुरस्कार लगायत क्रियाकलाप संचालन गर्ने गरी भएको निर्णय र सोहि बमोजिम संचालन भएका समग्र क्रियाकलापलाई अनुमोदन गर्ने । १३. प्रशासन डटकम मिडिया मार्फत टोखा नगरपालिकाको समग्र गतिविधि समेटेर फिचर स्टोरी प्रकाशन/प्रशारण कार्यको लागि उपयुक्त मिल्दो शिर्षकबाट लागत अनुमान बमोजिमको रकम खर्च गर्ने गरी विनियोजन गर्ने । १४. विशेष अदालत काठमाडौंको मिति २०८२-२-२२,च.नं. ३२४७ को पत्रानुसार बिशेष अदालतलाई स्मार्ट कोटको रुपमा विकसित गर्न सूचना प्रविधिसँग सम्बन्धि कार्य गर्नको लागि मिल्दो खर्च शिर्षकबाट रु ५ लाख विनियोजन गर्ने साथै बिशेष अदालतको इजलासलाई व्यवस्थित गर्न फर्निचर तथा फर्निसिङ्ग गर्ने कार्यको लागि फर्निचर तथा फिक्चर शिर्षकमा विनियोजित रकम मध्येबाट रु ५ लाख विनियोजन गर्ने । १५.वडा नं. १ स्थित गुप्तेश्वर सावुन उद्योगलाई अनुदानमा सावुन बनाउने मेसिन तथा मेसिन परीक्षण प्रयोजनार्थ कच्चा पदार्थ उपलव्ध गराउने कार्यको लागि १५ औं नगरसभाको सि.न. ३७९ मा विनियोजन भएको रकमको अतिरिक्त स्वीकृत लागत अनुमान मध्ये नपुग रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी सावुन बनाउने मेसिन र कच्चा पदार्थ खरिद गरी सम्बन्धित उद्योगलाई हस्तान्तरण गर्ने । १६.जिल्ला समन्वय समिति काठमाडौंको आयोजनामा मिति २०८२-२-३१ र ३-१ गते हुने पदाभार ग्रहण गरेको ३ बर्ष पुगेको उपलक्ष्यमा अनुभव आदान प्रदान कार्यक्रम र खेलाडी वरियता निर्धारण सहितको तेक्वान्दो खेलकूद प्रतियोगिताको लिग चरणको अन्तिम खेल कार्यक्रम संचालनको लागि आर्थिक सहायता बापत रु १ लाख उपलव्ध गराउने । १७.वडा नं. ३ स्थित सुर्यदर्शन हाईट माईक्रो स्टेशन पश्चिम तर्फ १० थान सडक बत्ती जडान गर्ने कार्यको लागि आयोजना स्वीकृत गरी १५ औं नगरसभाको विविध मर्मत भैपरी शिर्षकमा विनियोजित रकम मध्येबाट लागत अनुसारको रकम विनियोजन गर्ने । १८.टोखा ज्येष्ठ नागरिक समाजमा आबद्ध ज्येष्ठ नागरिकहरुलाई तिर्थाटन एवं पर्यटकिय स्थल भ्रमणको लागि १५ औं नगरसभाको सि.नं. १८६ मा विनियोजित रकम मध्येबाट रु ३ लाख विनियोजन गर्ने । १९. टोखा नगरपालिकाको स्वास्थ्य सामाग्री खरिद सम्बन्धी प्राविधिक सहयोग गर्ने थापाथलि अस्पतालमा कार्यरत वायो मेडिकल ईन्जिनियर श्री अमृत कुमार भण्डारी उपाध्यायलाई आ.ब. २०८१/८२ भरी उक्त सहयोग वापतको एकमुष्ट पारिश्रमिक रु. २५ हजार सम्वन्धित खर्च शिर्षकबाट भुक्तानी उपलव्ध गराउन नगरपालिका प्रशासनलाई निर्देशन

CamScanner

क्र.सं.	प्रस्ताव	निर्णयको व्यहोरा

दिने।

२०.टोखा नगरपालिका र नेपाल विद्युत प्राधिकरण वीच लागत साझेदारीमा स्मार्ट सडक बत्ती जडान सम्बन्धी कार्यको लागि भएको समझदारीको आधारमा तपशिल बमोजिम सडकबत्ती जडान क्षेत्र (रुट) स्वीकृत गरी सोहि क्षेत्रमा समझदारी बमोजिकको स्मार्ट सडकबत्ती जडान गर्न नेपाल विद्युत प्राधिकरणलाई जानकारी गराउने ।

सि.नं.	सडक देखि	सम्म	लम्बाई (मीटर) अनुमानित
१	सामाखुशी चोक	३ नं. वडा कार्यालय अगाडि सम्म	३९०९
२	गणेशस्थान मन्दिर	वडा नं. १ स्थित मालुङ्ग चोक-गैह्रीगाउँ चोक	४२०६
३	नयाँ वसपार्क अगाडि विष्णुमति करिडोर	भत्केकोपुल - चख्खु चोक	४३७४
४	गोगंबुँ चोक	जालपाचोक हुदै धनेश्वर	2509
५	साउथ वेस्टर्न	दाहाल गौडा-भगवती मन्दिर	3115
६	दाहाल गौडा	ग्रीनल्याण चोक	750

२१.तपशिल बमोजिम नगरसभाको पन्ध्रौं/सोह्रौं अधिवेशनबाट विभिन्न खर्च उपशिर्षक/क्रियाकलापमा विनियोजन भएको रकम मध्येबाट सम्बन्धित शाखाको माग समेतका आधारमा तपशिल बमोजिमका क्रियाकलापहरुमा रकमान्तर गरी कार्यक्रम संचालन/ भुक्तानी गर्ने ।

क्र.स	साविकमा स्वीकृत क्रियाकलाप (वार्षिक योजना किताबको सि.नं.)	रकमान्तर हुने रकम (रु. हजारमा)	रकमान्तर हुने क्रियाकलाप	विनियोजन हुने रकम (रु. हजारमा)	कै.
१	माटो परिक्षण तथा माटो सुधार कार्यक्रम (२६)	१००	राष्ट्रिय धान दिवस कार्यक्रम संचालन	१४७	
२	नविनतम् कृषि प्रविधि तथा अनुभव आदान प्रदान कार्यक्रम (३५)	४७			
३	इ.स्क्वायर प्रा.लिको संयोजनमा कृषि, उद्यमशिलता र जलवायु	२५०	फलफुल प्रवर्द्धन कार्यक्रम	४१०	

CamScanner

क्र.सं.	प्रस्ताव	निर्णयको व्यहोरा

	परिवर्तन सम्वन्धि रियालिटि गेम शो RAW (Revolutionary Agriculture War) कार्यक्रम (३९)				
४	स्थलगत घुम्ति तालिम कार्यक्रम (३४)	१२०			
५	कृषकको क्षमता तथा सीप विकास कार्यक्रम (३३)	४०			
६	सहकारी संस्थाको लागि सहकारीको मूल्य मान्यता सहित आधारभूत कम्प्युटर अफिस प्याकेज तालिम (४७)	२५०	सहकारी सम्बन्धी विभिन्न मापदण्ड, नियमावली लगायत छपाई	२५०	
७	सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि स्वास्थ्य विमा कार्यक्रम(६८)	१०००	स्थानीय पाठ्यक्रम हाम्रो टोखा पाठ्यपुस्तक छपाई (कक्षा १,२,३,४ र ८)	१०००	

२२.औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई बमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकबाट तपशिल वमोजिमको रकम उपलब्ध गराउने ।

क्र.स	विरामीको नाम थर	वडा नं.	सम्वन्धित रोग	सहयोग रकम रु. हजार
१	पुर्ण कुमारी श्रेष्ठ	२		४०
२	किशोर राना	७	किड्नी सम्बन्धी	४०
३	राजु वसेल (निवेदक गीता लम्साल/बस्याल)	११	मृगौला सम्बन्धी	३०
४	दिपक पनेरु	५	खुट्टाको हड्डी	४०

२३.नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलब्ध गराउने ।

क्र.स	सवारीको विवरण	भुक्तानी गर्नु पर्ने	सवारी प्रयोगकर्ता/

क्र.सं.	प्रस्ताव	निर्णयको व्यहोरा					
					रकम	चालक	
			१	बा.२ झ. २८६२	४३४३६/-	नगर प्रहरी	
			२	बा २ ब ३७२७	९३९४/-	प्रकाश भण्डारी	
			३	बा ०२००१ व ४७४१	२०९१२/-	अमृत रिजाल	
			४	बा प्र.२ झ ५५२४	५१५००/-	जनक अधिकारी	

CamScanner